४१२

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४३/२०७१/०७२
निर्णय नं. २४

झापा जिल्ला गरामनी गा.वि.स. बस्ने ठाकुर प्रसाद रसाइली ........................................१ निवेदक

विरूद्ध

क्याम्पस प्रमुख, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा ........................................१ विपक्षी
सूचना अधिकारी, कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा ........................................१

**विषय :- सूचना उपलब्ध गराइसेकोले लगत कट्टा गर्नू ।**

झापा जिल्ला गरामनी गा.वि.स. बस्ने ठाकुर प्रसाद रसाइलीले कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।०१ मा निवेदन गरेको र यस आयोगबाट भएको मिति २०७१।०८।१५ को आदेश कार्यान्वयनका लागि मिति २०७१।१०।२२, पु.च.नं. ६४७ को पत्र प्रेषित गरेकोमा माग बमोजिमको सूचना उपलब्ध नगराएको भनी मिति २०७२।०२।०५ मा पुनः उजुरी गरेको । कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गाको मिति २०७१।०९।१३, च.नं. १८८ को पत्रबाट निवेदकले सूचना माग्नुको औचित्य प्रष्ट नभएको भनी सूचना उपलब्ध गराउन नसकिने भनी पत्र प्रेषित गरेकोमा आयोग सहमत नसकि आयोगबाट पुनः मिति २०७१।१०।२२ मा भएको आदेश कार्यान्वयनको लागि च.नं. ६४७ बाट भएकोमा कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गाको मिति २०७२।०२।३१, च.नं.४२७, प.सं. ०७१/७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको पत्रको बोधार्थ आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्नू । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।